# १० भण्डारे वा सञ्चिता

<u>*यस अध्यायका मूल पदहरू:*</u> कलस्सी १:१६-१८, हिब्रू ४:१४-१६, ३ यूहन्ना ३, उत्पत्ति ६:१३-१८, प्रकाश १४:६-१२, र १ पत्रुस १:१५,१६।

**<u>*यस अध्यायको मूल सार पद:*</u> "७ किनकि परमेश्वरले हामीलाई अशुद्धताको निम्ति होइन, तर पवित्र जीवन बिताउन बोलाउनुभएको छ।" १ थेस्सोलिनिकी ४:७ रूपान्तरित।**

**सञ्चिता** (हिफाजत)वा परमेश्वरले हामीलाई सुम्पनुभएको थोकहरूको रेखदेख गर्ने अवधारणा अत्यन्त गहिरो र फराकिलो छ। हामी परमेश्वरको भण्डारे हौं वा हामीलाई उहाँले सुम्पनु भएको थोकहरूको **सञ्चिता** (हिफाजत)गर्न बोलाउनुभएको हो भन्ने शब्द आफैमा उच्च कोटीको भएकोले ठूला ठूला कुराहरू सोचेर तिनीहरू हाम्रो औकात भन्दा ठूलो छ भन्ने तर्कमा हामी सजिलैसँग हराउन सक्छौं। सञ्चिता (हिफाजत)भन्ने शब्द धेरै सरल त छ तर यो बुझ्न ज्यादै कठीन पनि हुनसक्छ। यसलाई मानिसहरूले सजिलैसँग गलत ढङ्गले लिन सक्छन्। यद्यपि न त कुनै इसाई वा कुनै चर्च यसको कामकाज बिना जिउन सक्छ। कोही पनि व्यक्तिमा सञ्चिता (हिफाजत)गर्ने गुण भएन भने त्यस व्यक्तिको अस्तित्व सजिलैसँग भासिएर जान सक्छ। तसर्थ, यदि कोही व्यक्ति येशूभक्त हुँ वा इसाई हुँ भनेर दावी गर्छ भने त्यो व्यक्ति असल सञ्चितक पनि हुनुपर्छ अर्थात् परमेश्वरले उसको जिम्मामा छोड्नुभएको थोकहरूलाई उचित र इमान्दारपूर्वक सम्हाल्ने व्यक्ति हुनु अनिवार्य छ।

"परमेश्वरको भण्डारे वा सञ्चितक भन्ने कुरो कुनै दर्शन, तर्क वा अवधारणा नभएर कामद्वारा देखाउने क्रियाकलाप हो। यो इसाई जीवनमा जिउने सबैको लागि कला हो। वास्तविक जीवनको बारेमा कोही बुझ्न चाहन्छ भने **सञ्चिता** (हिफाजत)गुणको बारेमा थाहा पाउनु जरुरी छ। धार्मिक जीवनमा आत्मिक सत्य अनुभव गर्न कोही चाहन्छ भने उसमा **सञ्चिता** (हिफाजत)गर्ने गुण हुनु अत्यन्त आवश्यक छ। यो केवल हल्का रूपमा दिमागले लिने गुण होइन। तर जीवनको प्रत्येक क्षेत्रमा नहिच्चिकिच्याइ स्वइच्छाले निर्णायक र ठोस रूपमा कारोबार गरेको इमान्दार सञ्चितक वा असल भण्डारेले देखाउँछ।"-लिन्वाय इ. फ्रुम, स्टुवार्डशिप इन इट्स लार्जर

आस्पेक्ट (माउन्टेन भ्युः क्यालिफोर्निया, पासिफिक प्रेस पब्लिशिङ्ग आसोशियशन, १९२९), पृ. ५बाट रूपान्तरित।

इसाई सञ्चितक वा भण्डारेमा हुनुपर्ने केही मूल तथा आदर्श लक्षणहरू के हुन्? इसाई जीवनमा **सञ्चिताले** कस्तो भूमिका खेल्छ यस अध्यायमा हामी हेर्नेछौं। तर हामीले अत्यन्त घतलाग्दो प्रतीकसँग तुलना गरेर सत्य इसाई सञ्चितक वा भण्डारेको बारेमा अध्ययन गर्नेछौं।

## १. सबै थोकको केन्द्रबिन्दु येशू ख्रीष्ट (यूहन्ना ५:३९)

सारा बाइबलको केन्द्रबिन्दु येशू ख्रीष्ट हुनुहुन्छ (यूहन्ना ५:३९) र यस संसारमा बाँचुञ्जेल हामीहरूले जे गर्छौं त्यो येशूसँग सम्बधित छ कि छैन भनेर सोच्नु आवश्यक छ। अर्थात् उहाँमा मध्यनजर राखेर चल्नुपर्छ। उहाँले हामीहरूको पापको दण्ड भोग्नुभयो र शैतानको कब्जामा रहेका धेरै मानिसहरूको निम्ति मोल तिरेर छुट्कारा गर्नुभएको थियो (मर्कूस २८:१८)। सारा स्वर्ग र पृथ्वीको अधिकार उहाँमा छ (मत्ती २८:१९), र सबै थोकहरू उहाँकै हातमा छन् (यूहन्ना १३:३)। उहाँको नाउँ अरू कुनै नाउँहरूभन्दा उच्च छ र एक दिन सबैले उहाँको अगाडि घुँडा टेक्नेछन् (फिलिप्पी २:९-११)।

"प्रत्येक थोकको जीवनको केन्द्रबिन्दु येशू हुनुहुन्छ।"-एलेन जी ह्वाइट, इभान्जलिजम्, पृ. १८६बाट रूपान्तरित।

हामीहरूमा हुनुपर्ने सञ्चिताको मुटु येशू ख्रीष्ट हुनुहुन्छ र उहाँ नै हामीहरूको शक्तिको स्रोत हुनुहुन्छ। उहाँले नै गर्दा हामीहरूले अर्थमूलक जीवनको उत्पादन गर्छौं। हामीहरूको जीवनको प्रत्येक पाइला र पक्षको केन्द्रबिन्दु उहाँ नै हुनुहुन्छ भनेर मानिसहरूको अगाडि प्रदर्शन गर्छौं। पावलले धेरै सतावट, दुःख कष्ट सहनुपरेको थियो तै पनि उनको जिउनुको मुख्य कारण यस भावनाले व्यक्त गर्दछ, "मेरो निम्ति जिउनु ख्रीष्ट हो र मर्नु फाइदा छ" (फिलिप्पी १:२१ रूपान्तरित) (अर्थात् "येशूको निम्ति म जिइन भने मेरो निम्ति मर्नु नै जाती छ"-अनुवादकको भावानुवाद)।

**हामीहरूमा भएका वा हामीहरूको प्रत्येक थोकको केन्द्र येशू कसरी हुनुभएको छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्ः कलस्सी १:१५-२० "१५ उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे**

प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। १८ उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्। १९ किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, २० र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।", रोमी ८:१८-२१ "१८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ। २० सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ।" र २ कोरन्थी ५:१६-२१ "१६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ *यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।* १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"

यदि येशू हामीहरूको जीवनको प्रत्येक क्षेत्रको केन्द्रबिन्दु हुन दिएनौं भने हामी सक्कली वा इमान्दारी सञ्चितक वा भण्डारे हुन सक्दैनौं (गलाती २:२०)। "आशिषमय आशाको" केन्द्रबिन्दु उहाँ नै हुनुहुन्छ (तितस २:१३) र "उहाँ सबै थोकको जेष्ठ (अर्थात् आधिकारिक व्यक्ति) हुनुहुन्छ र सबै थोक उहाँमा नै निहित भएको छ" (कलस्सी १:१७ रूपान्तरित)। जसरी आक्सल

वा वरिपरि घुम्ने पाङ्ग्राको डण्डी पाङ्ग्राको केन्द्रबिन्दु हो र यसैले कुनै पनि गाडीको भार थाम्छ त्यसरी नै प्रत्येक इसाई अर्थात् येशूभक्तको अस्तित्वको अटल वा स्थायी र दरो केन्द्र येशू हुनुहुन्छ (हिब्रू १३:८)। हामी जे सोच्छौं र गर्छौं उहाँको प्रभाव हामीमा हुनुपर्छ। भण्डारेपन वा सञ्चिताको सबै पक्षहरू येशूमा घुमिरहन्छ र तिनीहरूको पहिचान उहाँमा नै भइरहन्छ।

येशूले ठोकुवा गरेर भन्नुभयो "म बिना तिमीहरू केही पनि गर्न सक्दैनौं" (यूहन्ना १५:५ रूपान्तरित)। भण्डारे हुनु वा सञ्चिता (हिफाजत)गर्ने खुबी हुनु कुनै खोक्रो कुरामा केन्द्रित हुँदैन बरू जीवित येशूको वास्तविकतामा केन्द्रित हुन्छ। बर्तमान र अनन्त जीवनमा हुनुपर्ने चरित्रहरूलाई सही आकार दिन उहाँ सदासर्वदा काम गरिरहनुभएको छ।

**येशूलाई विश्वास गर्छौं र उहाँ नै हामीहरूको जीवनको केन्द्रबिन्दु भनेर मुखले त भन्छौं तर उहाँले चाहेको अनुसार नै जिउनु अर्कै कुरा हो। तर येशूले प्रतिज्ञा गर्नुभए अनुसार तपाईं जिइरहनुभएको छ र उहाँलाई हामीले काम गर्न दियौं भने उहाँको इच्छा अनुसार हामीहरूको चरित्रलाई ढाल्न दिन्छौं भनेर तपाईं कसरी निश्चित हुने?**

## २. परमेश्वरको पवित्र मन्दिरबाट शिक्षा (हिब्रू ४:१४-१६)

परमेश्वरको मन्दिरसँग **सञ्चिता** (हिफाजत) जोडिएको हुन्छ भन्ने कुरालाई सामान्य रूपमा नसोचेको हुनसक्छ। परमेश्वरको पवित्र मन्दिरको सिद्धान्तमा हामीहरूको विश्वास अत्यन्त निर्णायक छ। त्य मन्दिरमा गरिने सम्पूर्ण क्रियाकलापमा **सञ्चिता** (हिफाजत)को सम्बन्ध अत्यन्त गाढा भएको पाउँछौं। "येशू ख्रीष्टले पवित्र मन्दिरमा गर्नुहुने सेवाकार्यलाई सही ढङ्गमा बुझ्नसक्नु नै हामीहरूको विश्वासको जड हो"-एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. २२१बाट रूपान्तरित। त्यसकारण बाइबलीय धारणाले व्याख्या गरेको अनुसार सञ्चिता (हिफाजत)को भूमिका बुझ्नु अति आवश्यक छ।

१ राजा ७:३३मा बग्गीको पाङ्ग्राको बारेमा चर्चा गरिएको छ। पाङ्ग्रोको वरिपरि तारैतारले घेरिएको केन्द्र वा चक्रकेन्द्रको चित्रद्वारा हामीहरूले पवित्र मन्दिरको शिक्षालाई बुझ्न खोज्नेछौं। चक्रकेन्द्र तारैतार (आक्सल)सँग जोडिएको हुन्छ। त्यसले गर्दा जब पाङ्ग्रा गुड्छ तब पाङ्ग्रालाई स्थिर राख्दछ। येशू ख्रीष्ट मर्नुभयो र पुनरुत्थानद्वारा बिजय पाउनुभएको थियो (२ तिमोथी १:१०), उहाँको मृत्युद्वारा पवित्र मन्दिरमा उहाँद्वारा गरिने सम्पूर्ण क्रियाकलापको आधार हुनगएको हो (हिब्रू

६:१९,२०)। त्यो नै हामीहरूको विश्वासलाई स्थिर वा अटल बनाइ राख्ने तत्व हुनु। अर्थात् हामीहरूको विश्वारलाई अटल बनाइराख्ने आधार नै येशूले स्वर्गको पवित्र मन्दिरमा गरिरहनुहुने सेवाकार्यमा हुनगएको छ। यस संसारमा हामीहरूलाई उहाँले त्यस पवित्र मन्दिरबाट सेवा गर्नुहुन्छ।

"बाइबलीय एडभेन्टिस्ट विश्वास बाइबल र बाइबलमात्र भन्ने नीतिमा जरा गाडिएको छ। पवित्र मन्दिर र त्यसमा गरिने सम्पूर्ण क्रियाकलापले के सिकाएको छ त्यसलाई बुझेको आधारमा एडेभेन्टिस्ट विश्वास अडिएको छ।"- फरनान्डो क्यानाल, सेक्युलर एडभेन्टिजम (धर्मनिरपेक्ष एडभेन्टिस्ट आस्था)? एक्सप्लोरिङ्ग लिङ्क बिट्विन लाइफस्टाइल एण्ड सालभेशन (लिमाः पेरु, पेरुभियन युनियन युनभर्सिटी, २०१३), पृ. १०४,१०५बाट रूपान्तरित।

**हामीहरूका मूल पुरोहित येशूले स्वर्गको पवित्र मन्दिरमा कसरी सेवा गरिरहुनभएको छ सो देहायका केही पदहरूले वर्णन गरेको पढ्नुहोस्ः १ यूहन्ना २:१,२ "१ मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट। २ उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि।", हिब्रू ४:१४-१६ "१४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।" र प्रकाश १४:६,७ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

पवित्र मन्दिरको शिक्षाले मुक्ति र उद्धारका महान् सत्यहरूलाई प्रकट गर्न सहयोग गर्दछ जुन कि इसाई धार्मिक शिक्षाको मूल केन्द्रबिन्दु हो। पवित्र मन्दिरमा हामीहरूको निम्ति ख्रीष्टको मृत्युमात्र होइन तर स्वर्गमा भएको पवित्र मन्दिरमा उहाँले गर्ने सेवाकार्यको बारेमा पनि जानकारी दिँदछ।

मन्दिरको महा पवित्र स्थानमा रहेको परमेश्वरका दश आज्ञाहरूको पाटी र अन्तिम न्यायको वास्तविकता पनि पवित्र मन्दिरबाट हामी देख्नसक्छौं। पवित्र मन्दिरमा गरिने बलिप्रथाले हामीलाई यो सिकाउँदछ कि येशूको रगत नै हामीलाई उपलब्ध गराइएको मुक्तिको प्रतिज्ञा हो।

असल भण्डारेपन वा सञ्चिता (हिफाजत) गर्ने खुबीको जीवनले हामीहरूको मुक्तिको महान् सत्य अल्झेको हुन्छ। त्यो पवित्र मन्दिरको शिक्षाले देखाउँदछ। जति गहिरोसँग हामीहरूको निम्ति येशू ख्रीष्टले के गरिरहनुभएको छ जान्दछौं त्यति नजिक हामी येशूको नजिक, उहाँको सेवाकार्य, उहाँको लक्ष्य, उहाँका शिक्षाहरूको नजिक आउँछौं। त्यतिमात्र नभएर जसले तिनीहरूको जीवनमा असल भण्डारेपन वा सञ्चिता (हिफाजत)को नीति देखाएर चल्छ त्यसलाई उहाँले के गर्नुहुन्छ भन्ने उहाँको अभिप्राय पनि उहाँसँग नजिक हुँदा सिक्न सक्छौं।

**हामी मानिस हौं। हामी पाप गर्दछौं, भुल गर्दछौं, हामी स्वार्थी छौं र हामीहरूको मात्र भाऊ खोज्ने प्रवृत्तिले हामीलाई पिरोलेको छ। यद्यपि यदि हामी येशूको नजिक रहने खुबी प्राप्त गर्न सक्यौं भने हिब्रू ४:१४-१६मा दिइएको प्रतिज्ञाले हामीलाई कसरी बल र आशा मिल्न सक्छ? हेर्नुहोस्: " १४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।"**

## ३.सम्पूर्ण इसाई आत्मज्ञान वा शिक्षाको केन्द्रविन्दु येशू ख्रीष्ट (यूहन्ना १४:६,७)

परमेश्वरको पवित्र मन्दिर सम्पूर्ण आस्थाको केन्द्रविन्दु हो किनभने मुक्तिको महान् तथ्यलाई त्यहीँ भव्यरूपमा व्यक्त गरेको पाइन्छ। त्यहीँ क्रुसको अर्थलाई प्रकट गरिएको छ। हामीले विश्वास गर्ने कुनै पनि शिक्षादीक्षासँग सुसमाचार र मुक्तिको प्रतिज्ञासँग कुनै न कुनै प्रकारले जोडिएको हुनुपर्छ। पाङ्ग्राको तारहरू जस्तै अरू सबै इसाई शिक्षादीक्षा येशूमा गरिने विश्वासको आधारमा पाइने मुक्तिमा घुमिरहेको हुनुपर्छ।

"हामीहरूको पाप क्षमाको निम्ति येशूको बलिमा अरू सबै आत्मिक सत्यहरू झुमिएको हुन्छ।...यदि कोही मानिस मुक्तिदाताको अचम्मको त्याग

तथा बलिको बारेमा गहिरो अध्ययन गर्छ त्यो मानिस सही अनुग्रह र आत्मज्ञानमा हुर्कन्दै गइरहेको हुन्छ।"-एलेन जी ह्वाइट, द एसडिए कमेन्टरी, ठेली ५, पृ. ११३७बाट रूपान्तरित।

**येशूले आफू नै सत्य भनेर ठोकुवा गर्नुभएको थियो। त्यसको अर्थ के हो? त्यस सत्यलाई हामीले के गर्ने वा हामीहरूले कसरी सरोकार राख्ने? हेर्नुहोस्, यूहन्ना १४:६,७ "६ येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन। ७ तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ। अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ।", यूहन्ना १७:१७ " तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।" र ३ यूहन्ना ३ "कति जना भाइहरू आएर तिम्रो जीवनका सत्यताको गवाही दिँदा म साह्रै आनन्दित भएँ। तिमी साँच्ची नै सत्यताको अनुसरण गर्दछौ।"**

कसलाई विश्वास गर्छौंमात्र नभएर हामीहरूले सिकेका र अनुसरण गरेका आत्मिक शिक्षादीक्षाले हामी को हौं भनेर त्यसको पहिचान गराउँछ र हामी कतातिर लम्किरहेकाछौं सो पनि मार्गनिर्देशकको रूपमा काम गर्दछ। आत्मिकज्ञान केवल कुनै अदृश्य वा कुनै धर्मात्माहरूकोलागि मात्र सिक्नुपर्ने धार्मिक धारणाहरू होइन। बाइबलमा विश्वास गर्नेको निम्ति सबै सही आत्मज्ञानहरू येशूमै अडिएको हुन्छ। ती सबै शिक्षादीक्षाले हामी कसरी जिउने त्यसलाई प्रभाव पारेको हुनुपर्छ। साँच्चिक्कै भन्ने हो भने हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले यसरी न्यायपूर्वक वा ठोकुवा गरेर भन्न सक्दछौं कि **हामीहरूको** पहिचान अरू कुनैमा भन्दा येशू ख्रीष्ट र कुन् आत्मिक शिक्षादीक्षामा विश्वास गर्छौं त्यसमा भरपरेको हुन्छ। बाइबलबाट आधारित शिक्षादीक्षा आएको हुँदा हामी सेभेन्थ-डे एडभेन्टिस्टको बनौट पनि बाइबलको ढाँचामा ढालिएको हुनुपर्छ।

परमेश्वरले दिनुभएको सबै थोकलाई-हामीहरूको शरीर, हामीहरूको धनसम्पत्ति, हामीहरूका दक्षता तथा प्रतिभाहरू, वातावरण, आत्मिक संरचना-सञ्चिता वा हिफाजत गर्न सिकाउने सत्य शिक्षादीक्षा येशूले सिकाउनुभएको अनुसार जानेर जिउनुपर्छ। त्यस अनुसार चल्न सक्यौं भने हामीहरूको जीवनको मूल्य अर्थमूलक हुन्छ र हामीहरूको जीवनको सम्पूर्ण पक्षहरूलाई त्यसले सकारात्मक रूपमा प्रभाव पार्न सक्छ। "१७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू (अर्थात् परमेश्वरमा विश्वास नगर्नेहरू) जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी

तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्। २० तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। २५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। ३१ सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।" एफिसी ४:१७-३२।

पावलले व्यक्त गरेका माथिका पदहरूले येशूलाई चिनेको छु वा विश्वास गरेको छु र बाइबलको सत्य मलाई थाहा छ भन्नेमात्र होइन तर त्यसै अनुसार जिउन प्रत्येक इसाई हुँ भन्नेलाई चुनौति दिंदछ। परमेश्वरको भण्डारे वा सञ्चिता गर्ने व्यक्तिले केवल सत्य अध्यात्मिक शिक्षादीक्षा वा बाइलललाई जानेको छु भनेर दावी गर्नेमात्र होइन तर त्यस अनुसार जिउन पनि अपेक्षा गरिएको हुन्छ। त्यो पनि कुनै कोठामा बसेर बाइबल जानेको छु भनेर आफू हराएर बस्ने होइन अरू मानिसहरूसँगको कारोबार वा अन्तरर्क्रिया गरेर पनि बाइबलको सत्यलाई अरूसमक्ष ल्याउन सक्ने हुनुपर्छ।

## ४. तीन स्वर्गदूतहरूका सन्देशहरू (प्रकाश १४:६-१२)

महाबिपत्तिबाट संसार ध्वस्त हुनेछ भनेर परमेश्वरले केवल दुई पल्टमात्र चेतावनी दिनुभएको थियो। पहिला नोहाद्वारा (उत्पत्ति ६:१३-१८, मत्ती २४:२७) र तीन स्वर्गदतहरूका सन्देशहरूबाट (प्रकाश १४:६-१२)। तीन स्वर्गदूतका ती सन्देशहरूले भविष्यमा हुने असाधारण घट्नाको पर्दाहरू खोलेर देखाउँदछ। समय अगाडि बढ्दै जाँदा ती सन्देशहरूको अर्थ झन झन राम्रोसँग बुझ्न गइरहेका छौं तैपनि त्यो सन्देश र त्यसले भन्न खोजिरहेको लक्ष्य एउटै भइरहेको छ। त्यो हो येशू ख्रीष्टमा विश्वास गरे पापी मानिस निर्दोष ठहरिन्छ। "येशूलाई विश्वास गऱ्यो भने मुक्ति पाइन्छ भन्ने विभिन्न व्याख्याहरूमा तीन स्वर्गदूतका सन्देश पनि एक हो।"-एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. १९०बाट रूपान्तरित। अर्को अर्थमा भन्ने हो भने निरन्तररूपमा चलिरहेको समयसापेक्षित सुसमाचार सत्यको मूल घोषणा नै सारा संसारमा गएर येशूमा हामी उभिएको देखाउनु र हामीहरूको निम्ति उहाँको महान् बलिको सन्देश सुनाउनु हो।

**प्रकाश १४:६-१२ पढेर तीन स्वर्गदूतहरूको सन्देशहरूको मूल सार के हो सो सोच्नुहोस्। कुनै स्थानीय मानिसहरूलाई नभएर संसारलाई नै तिनीहरूले के भनिरहेका छन्? ती सन्देशहरूमा के जिम्मेवारी हामीहरूलाई सुम्पिएको छ र साथै सञ्चिता वा हिफाजत भन्ने धारणामा ती सन्देशहरू कसरी मनासिब देखिन्छ? हेर्नुहोसः "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका**

**नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गर्दछौं, चर्च पनि जाँदछौं, दशांशभेटी पनि दिँदछौं तर हामी इमान्दारी विश्वासी हौं भने तीन स्वर्गदूतहरूले दिएक सन्देश कुनै न कुनै प्रकारले मानिसहरूको सामु फैलाएर येशूको दोस्रो आगमनको निम्ति तिनीहरूलाई तयार पार्न प्रयास गर्नुपर्छ। अनन्त जीवनको बारेमा निर्णय लिन मानिसहरूलाई अवसर दिनै पर्छ। परमेश्वरका वचनहरूको हिफाजत वा **सञ्चिता** गर्न बोलाइएका हामीहरूको कामको लक्ष्य नै परमेश्वरसँग सहभागी हुनु हो (२ कोरन्थी ५:२०, ६:१-४)।

"विशेष रूपमा भन्ने हो भने सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई यस संसारमा पहरेदार हुन वा सुसमाचारलाई हिफाजत गर्न र आत्मज्ञानको ज्योति बालिराख्न परमेश्वरले खटाउनुभएको छ। ध्वस्त हुन गइरहेको संसारमा अन्तिम चेतावनी दिने जिम्मा तिनीहरूलाई सुम्पिएको छ। परमेश्वरको वचनको अचम्मको ज्योति तिनीहरूद्वारा चम्किरहेको छ। तिनीहरूलाई पहिलो, दोस्रो र तेस्रो स्वर्गदूतहरूको सन्देश सुनाउन अत्यन्त गम्भिर जिम्मेवारी दिइएको छ। सन्देश सुनाउने त्यो कामभन्दा अरू कुनै पनि ठूलो महत्त्वपूर्ण काम छैन। सन्देश सुनाउने त्यो लक्ष्यको सामु यस संसारका अरू कुनै थोकहरूले तिनीहरूलाई डुबाउन दिनु हुन्न।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. १९बाट रूपान्तरित।

पाङ्ग्राको चक्का जमिनमा गुड्दछ। त्यसले तीन स्वर्गदूतहरूको सन्देश सुनाउने प्रतीकको रूपमा प्रतिनिधित्व गर्दछ। ती सन्देश सुनाउनेहरूको काम भनेको यस संसारमा अनेकौं धार्मिक ज्ञानहरूले मानिसहरूलाई परमेश्वरबाट अलग राख्ने प्रवृत्तिबाट सुरक्षित राख्नु र अन्तिम दिनहरूमा भइरहेका विभिन्न घट्नाहरूले येशूको आगमनको बारेमा चनाखो गराइराख्नु हो। तीन स्वर्गदूतहरूका सन्देशलाई सञ्चिता गर्ने काम हामीहरूको हुनुपर्छ र संसारलाई ती सन्देश सुनाएर परमेश्वरको सही भण्डारे वा सञ्चितक हुनुपर्छ।

**संसारको अन्तिम दिनहरूमा हुने घट्नाहरूको बारेमा सोच्नु सजिलो छ, अनेकौं मिति र त्यसलाई लिएर नक्सा तयार गर्न व्यस्त पनि हुन सक्छौं। हो तिनीहरूको ज्ञान आवश्यक छ, तर संसारलाई तीन स्वर्गदूतहरूका सन्देश सुनाउन हामी कसरी अग्रसर हुने? के हामीहरूको जीवनमा वा रहनसहनमा र**

**सन्देश सुनाउने क्रममा प्रभु येशू र उहाँको त्याग तथा बलिलाई अग्र स्थान र केन्द्रमा राख्न सक्छौं त?**

## ५. परमेश्वरको भण्डारे वा सञ्चितक अर्थात् उहाँले सुम्पनुभएको थोकहरूलाई हिफाजत गर्ने (१ पत्रुस १:१३-१६)

हामीले पवित्र जीवन बिताऔं भन्ने ख्रीष्टको चाहना हो। उहाँको जीवनले पवित्र हुनु भनेको के हो सो देखाउँछ र परमेश्वरले सुम्पनुभएको जिम्मेवारीलाई उहाँले कसरी सम्हाल्नुभयो भनेर उहाँ आफै निर्णायक भण्डारे भएर देखाउनुभएको थियो (हिब्रू ९:१४)। परमेश्वरलाई प्रशन्न पार्ने भएर हामीहरूको जीवनलाई हामीले व्यवस्थित ढङ्गले चलाउनुपर्छ। हामीहरूको जीवनमात्र होइन परमेश्वरले हामीहरूलाई सुम्पनुभएको प्रत्येक थोकलाई पनि हिफाजत गर्नुपर्छ। भण्डारे भनौं, सञ्चितक भनौं व हिफाजत गर्ने व्यक्ति भनौं जे भनेतापनि त्यसलाई हामीले हामीहरूको जीवनमा लागु गराउनुभनेकै हामी परमेश्वरको सामु पवित्र भएका छौं भनेर देखाउनु हो।

**पवित्र हुनु भनेको के हो? पवित्रतामा चल्नु भनेको के हो? परमेश्वरले सम्पूर्ण थोकहरूलाई हिफाजत गर्नुसँग पवित्रताको के सम्बन्ध छ? हेर्नुहोस तुलनात्मक रूपमा देहायका केही पदहरू: १ पत्रुस १:१३-१६ "१३ यसकारण आफ्नो मन बाँध, संयमी होओ र येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ आउन लागेको अनुग्रहमा तिमीहरूको आशा पूर्ण रूपले राख। १४ आज्ञाकारी बालकहरू भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरूमा तिमीहरू अब नलाग। *१५ तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, १६ किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।"* र हिब्रू १२:१४ "सबै मानिसहरूसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर; पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन।"**

यदि पाङ्ग्राको चक्काको वरिपरि फलाम रखियो भने पाङ्ग्रा धेरै समयसम्म टिक्छ भनेर रोमीहरूले आविष्कार गरेका थिए। कालिगढले फलामलाई तताएर अलिकतिमात्र ठूलो पार्दथ्यो जसले गर्दा पाङ्ग्रा पस्रियोस। अनि चिसो पानी राखेर पाङ्ग्रालाई खुम्च्याएर कस्दथ्यो। जब जमिनमा पाङ्ग्रा गुड्थ्यो तब फलाम घस्रिन्दै जान्थ्यो।

पाङ्ग्राको वरिपरि भएको फलामले सञ्चितकको अवधारणालाई प्रतिनिधित्व गर्छ। यो सत्यलाई चम्काउने समय हो जब हामीहरूले हामीहरूको

आत्मिक जीवनलाई व्यवहारिकतामा रगड्छौं। यहीं नै हामीहरूको विश्वास सफल र असफल हुँदै तलमाथि भएको अनुभव गर्छौं। हामीहरूको दैनिक जीवनमा जब संघर्ष गरिरहन्छौं तब हामीहरूको वास्तविक विश्वास तलमाथि भएको अनुभव गर्दछौं। भण्डारेपन, सञ्चित वा हिफाजतकर्ता भनेको हामीहरूको जीवनलाई बेर्ने कपडा जस्तै हो जसले हामी को हौं र के गर्छौं भनेर देखाउँछौं। असल हिफाजतकर्ता भएर हामीहरूको जीवन कसरी सम्हालेका छौं र हामीहरूको आनीबानीद्वारा हामी परमेश्वरको स्वभावलाई देखाउँदछौं। जसरी पाङ्ग्रामा भएको फलामले बाटोमा छुन्दछ त्यसरी नै हामीहरूको दैनिक क्रियाकलापले येशूलाई देखाउँदछौं।

प्रवचन दिनु वा बोलिभन्दा पनि हामीहरूको कामहरू अत्यन्त प्रभावकारी हुन्छ जसले हामी येशूमा समर्पित छौं कि छैनौं भनेर देखाउँछौं। हामी यस प्रतिज्ञालाई आत्मसात् गरेर चल्नुपर्छः "मलाई बल दिने ख्रीष्टद्वारा म सबै थोक गर्न सक्छु" (फिलिप्पी ४:१४ रूपान्तरित)।

"येशू ख्रीष्टको मानवीयतामा पवित्र आत्माको काम रोपिएको थियो जसले ख्रीष्टको मानव शरीर पवित्र बनिएको थियो। सुसमाचारको धर्म नै जीवनमा येशू ख्रीष्टलाई रहन दिनु हो। त्यसले गर्दा हामीहरूको दैनिक जीवनमा उहाँको नीतिलाई सक्रिय रूपमा भोगचलन गरेर चल्दछौं। हामीहरूको चरित्र र असल कामद्वारा येशूको अनुग्रहलाई प्रकट गर्दछौं। हामीहरूको व्यवहारिक जीवनको कुनै पनि पक्षमा सुसमाचारका नीतिहरूलाई अलग राख्न सक्दैनौं। इसाई जीवनको प्रत्येक क्षण र परिश्रमले येशूको जीवनलाई प्रतिनिधित्व गरेको हुनुपर्छ।"-एलेन जी ह्वाइट, क्राइस्टस् अब्जेक्ट लेसनस्, पृ. ३८४बाट रूपान्तरित।

**तपाईंको दैनिक जीवन, तपाईंको दैनिक रहनसहनलाई हेर्नुहोस्। येशू ख्रीष्ट तपाईंको निम्ति वास्तविक हुनुभएको तपाईंले कसरी देखाइरहनुभएको छ? तपाईंमा काम गरिरहनुभएको र तपाईंलाई नयाँ बनाउन उहाँले के गरिरहनुभएको छ? उहाँको पवित्रता तपाईंमा झल्काउन तपाईंको विवेकले कस्तो निर्णय लिनुपर्छ?**

## उपसंहारः

**थप जानकारीः** बग्गीको पाङ्ग्राको वरिपरि रहेको फलामलाई बारम्बार फेरिरहनुपर्छ किनभने सडकमा गुड्दागुड्दा त्यो खिइएको हुन्छ। नयाँ फलामलाई फेरि पाङ्ग्रामा जोड्दा कालिगढले कडा परिश्रम गर्नुपर्ने हुन्छ।

फलामलाई मुङ्ग्रोले पिट्नुपर्छ, आगोमा हाल्नुपर्छ र गोलो बनाएर पाङ्ग्रामा हाल्नुपर्छ। पाङ्ग्रामा नयाँ फलाम राख्नुले सञ्चितकले अपनाउनुपर्ने व्यवहारिक शुद्ध, पारदर्शी र नैतिकवान जीवनको प्रतिनिधित्व गर्दछ। जीवनको प्रत्येक पक्षमा चाहे ठूलो होस वा सानो होस त्यसमा येशूको दिमाग घुसाएर त्यस अनुसार चल्नु सही सञ्चितकको कर्तव्य हो। येशूको नीति अनुसार चल्न कहिलेकाहीँ गाऱ्हो र पीडादायी हुन सक्छ। उदाहरणमा, चाहे पैसाको मामिलामा होस् वा पारिवारिक सम्बन्धम होस्, वा हामीहरूको काममा नै किननहोस् सबैमा येशूको इच्छा अनुसार चल्न सक्नुपर्छ। कहिलेकाहीँ यो पाठ हामीले कठिन प्रहारलेमात्र सिक्न सक्ने भएका हुन्छौं अर्थात् दुःखदायी धक्काले मात्र अर्को पल्ट कसरी राम्रो हुनुपर्छ भनेर सिक्दछौं।

पाङ्ग्रामा नयाँ फलाम फेर्नु त्यति सजिलो छैन। न त मानिसको चरित्रलाई उचित रूपमा ढाल्नु सजिलो छ। पत्रुसको अनुभवलाई सोच्नुहोस्। उनी येशूसँग जतातते थिए तर उनले येशूकै ओठबाट यो कडा वचन सुन्नुपर्छ भन्ने अपेक्षा गरेका थिएनन्: "३१ "सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ, ३२ तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ।" (लूका २२:३१-३२) "हैन, तपाईंको निम्ति जेल जान र मर्न पनि तयार छु" भन्ने पत्रुसले केही समयभित्रै उहाँलाई चिनेको छैन भनेर किरिया खाएका थिए। त्यो उनको निम्ति पीडादायी र कष्टपूर्ण अनुभव थियो। तर त्यसले उनलाई येशूतिर फर्कन परिवर्तन गरेको थियो। अर्थात् सञ्चितक वा परमेश्वरको चाहनालाई हिफाजत गर्न तयारी हुनुपर्ने पत्रुसलाई त्यो अनुभव उनको जीवनको पाङ्ग्रामा नयाँ फलाम जोडेको जस्तै भएको थियो। पत्रुस अब नयाँ भएर परिवर्तन भएको थियो। उनको जीवन नयाँ मोडमा हिंडाउन उनी तयार भए। तर त्यस अवस्थामा उनलाई पुऱ्याउन उनले ठूलो आघात सहनु परेको थियो।

**चिन्तनमनन:**

**अ.** "आफूलाई इन्कार गरोस र दिनदिनै आफ्नो क्रुस बोकेर मेरो पछि लाग" (लूका ९:२३ रूपान्तरित) भनेर येशूले भन्नुभएको निर्देशनमा व्यावहारिक शुद्धता, पारदर्शिता र निर्दोष जीवन बिताउनु पर्ने नीति कसरी लुकेको छ? पावलले भन्दछन्, "म क्रुसमा टाँगिएको छु" (गलाती

६:१४)। त्यसको अर्थ के हो? त्यसले शुद्ध तथा पारदर्शी जीवन बिताउन कसरी चित्रण गर्दछ? व्यवहारिक रूपमा शुद्ध, पवित्र, पारदर्शी र निर्दोष जीवन बिताउनु भनेको परमेश्वरले जस्तै सोच्नु हो भनेर कसरी बुझाउँछ? हेर्नहोस्: "१४ जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ। १५ आत्मिक मानिसले सबै कुराको जाँच गर्दछ, तर ऊचाहिँ कुनै मानिसद्वारा जाँचिनेछैन। १६ "किनकि कसले प्रभुको मनलाई जानेको छ? र कसले उहाँलाई सिकाउन सक्छ?" तर हामीसँग त ख्रीष्टको मन छ। (१ कोरिन्थी २:१४-१६)।

आ. इसाई जीवनमा र प्रभु येशूको चाहना अनुसार चल्न तपाईंकै अनुभवमा कस्तो पीडादायी कष्ट भोग्नु परेको अनभव गर्नुभएको छ? त्यसबाट तपाईंले कस्तो प्रभावकारी पाठ सिक्नुभएको छ? अरू विश्वासीहरूसँग यस मामिलाको बारेमा छलफल गर्नुहोस र एक आपसमा एक आपसको अनुभवले परमेश्वरको बाटोमा हिँड्न सिक्नुहोस्।

इ. हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीमा भएका विभिन्न धार्मिक शिक्षादीक्षाहरूको बारेमा सोच्नुहोस्। जस्तै साबथ, मानिस मरेपछि के हुन्छ, सृष्टि, येशूको दोस्रो आगमन आदि। ती विभिन्न आत्मज्ञानहरू अर्थात् विश्वासहरूले साधारणरूपमा तपाईंको जीवनलाई कसरी प्रभावित पार्न सक्छ?

# कथा १०
# रिसाहा कुकुर
## शनेल ओक्टोभ, २२

ट्रिनिडाड र टोबागोमा रहेको साउथरन क्याराबियन विश्वविद्यालयका दर्जनौं विद्यार्थीहरू **प्रत्येक वर्षको** गर्मीको छुट्टीमा घर घरमा गएर किताबहरू बेच्छन्। किताबहरू **बेचेको** नाफाले तिनीहरूले विश्वविद्यालयमा चाहिने पढाई शुल्क तिर्दथे। वार्षिक विदामा धेरै जसो विद्यार्थीहरू करेबियन देशहरूमा काम गर्दथे। तर मचाहीँ दश जना विद्यार्थीहरूको समूहमा सम्मिलित भएर क्यानाडामा उडेँ। म क्यानाडाको अलबर्ट राज्यको पोनोका भन्ने सहरमा आइपुगेँ। त्यहाँ किताब बेच्न हामीलाई दुई दुई जना गरेर जिम्मा लगाए। मलाई रोमानियाको विद्यार्थीसँग मिलाए जो अङ्ग्रेजी कमै बोल्थ्यो। शुक्रबारको दिन पानी परेको थियो। हामी दुवै जना सडकको वरपर भएर गरेर किताब बेच्न अलग भयौं। धेरै घन्टापछि मैले त्यो साथीलाई भेटेँ। उसको निधार अँध्यारो थियो। "के भयो?" भनेर मैले उनलाई सोधेँ। हामी सडकको अन्तिम किनारामा आइपुगेका थियौं। केवल टाउकोमात्र हल्लायो र उसले केही भनेन। हामीले प्रार्थना गर्‍यौं र त्यस दिन आफ्नो काम सिध्याउन दुवै जना सँगसँगै घरघरमा जान निर्णय गर्‍यौं। जब हामी पहिलो घरमा आएर ढोका ढकढक्यायौं तब घरको मालिकले ढोका खोल्यो तर रोमानी विद्यार्थीलाई देख्ने बित्तिक्कै उसले ढोका बन्द गर्‍यो। त्यो देखेर मलाई छक्क लाग्यो र हाँस पनि उठ्यो। तर मेरो साथीको मुख अंध्यारो देखेर मलाई दुःख लाग्यो र भनेँ "हामी दुवै जना मिलेर घरको ढोका घचघचाऔं। बाटोमा आएर हामीले प्रार्थना गर्‍यौं। अनि अर्को घरमा गएर म आफैले ढोका ढकढक गरेँ। तुरन्तै कसैले ढोका खोल्यो तर एउटा सानो कुकुरले चर्को स्वरले भुक्दै थियो। जब कुकुरले ठूलो स्वरले भुक्न थाल्यो तब घरको मालिकनीले ढोका खोलिन् । त्यसवलत प्रायजसो मानिसहरुले किताब किन्न मनपराउँदैनथे। साँच्चिकै ढोका खोल्ने महिलाले हामीलाई देखेपछि उनी त्यतिको हँसिलो भएकी थिइनन्। उनको खुट्टा नजिक रहेका लामा लामा भुत्ला भएको कुकुर पनि हामीलाई देखेर रिसले झन झन भुक्दै थियो। जब ती महिलासँग कुरा गर्दै थिएँ कुकुरको भुकाइतिर ध्यान दिइनँ र *प्लान्ट दात हिल* भन्ने स्वास्थको किताब उनलाई बेच्न खोजेँ। कुकुर चुप नलागेकोले उनका किताब नकिन्ने छाँत मैले

देखें। अनि मैले कुकुरलाई भनें, "स्क्रफी तिमीलाई के भयो? तिमी किन यसरी भुकिरहेको? के म नौलो मानिसलाई देखेर हो?" अनि ती महिलाले तुरन्तै मलाई सोधिन् "के तिमी मेरो घरमा पहिला आएका थियो?" मैले छैन भनें। "म यस घरमा पहिला कहिल्यै पनि आएको छुइन" मैले जवाफ दिएँ। "तब मेरो कुकुरको नाउँ स्क्रफी हो भनेर तिमीले कसरी थाहा पायौ?" उनले छक्क पर्दै सोधिन्। कुकुरको नाउँ स्क्रफी हो भनेर मलाई थाहा थिएन मैले भनें। अनि त्यस महिलाले हामीलाई घरभित्र बोलाएर भनिन् "पहिलाको कुकुरको नाउँ स्क्रफी थियो। तिमी जहाँ उभिरेका छौ त्यहाँ त्यस कुकुर मरेको थियो" त्यस महिलाले हामीलाई भनिन्। उनको कुरा सुनेर मलाई अचम्म लाग्यो र उनको पहिलाको कुकुर मरेकोले मैले दुःख व्यक्त गरें। झरीमा हामीले के गरिरहेकाछौं भनेर त्यस महिलाले हामीलाई सोधिन्। मुस्कुराउँदै मैले अर्को किताब झिकेर देखाएँ जस्को शीर्षक थियो, *पिस एभव द स्टोर्म* (आँधीबेरीमा शान्ति)। त्यो एलेन जी ह्वाइटद्वारा लिखित स्टेप्स टु क्राइस्टको नयाँ शीर्षक थियो। मैले उनलाई त्यस किताबको बारेमा भनें। जब उनले त्यो किताबको मूल्य सोध्दै थिइन् तब उनको श्रीमान घरमा आइपुगे। मैले उनीतिर फर्केर भनें "हजुर, तपाईंलाई सञ्चै? म श्यानेल हुँ। तपाईंको नाउँ के हो?" "जोन" उसले भन्यो। "हो र?" छक्क पर्दै मैले सोधें। "किन छक्क परेको?" भनेर महिलाले सोधिन्। "जोन त मेरो बुबाको नाउँ हो!" मैले भनें। अनि त्यस महिलाले मलाई अंगालोमारेर सोधिन् तिमी कहाँबाट आएको हौ? म सन्ट लुशिया टापुबाट आएको हुँ भन्दा उनी आँशु झार्दै हाँसेर भनिन्, "अर्को वर्षको छुट्टीमा हामी त्यहीं सन्ट लुशियामा जाँदैछौं।" आफ्नो पैसाको थैली खोज्दै मेरो ठाउँ सन्त लुशियाको बारेमा जानकारी मागिन्। "म प्रायजसो बेच्न आउने मानिसहरूसँग कुरा गर्दिनँ। तर तिमी त मेरो स्वर्गदूत हुनसक्छौ। तिमीले मेरो कुकुरलाई स्क्रफी भनेर सम्बोधन गऱ्यौ, जुन टापुमा म जादैछुँ त्यही टापुबाट तिमी आएको रे, अनि तिम्रो बुबाको नाउँ त्यही हो जुन मेरो श्रीमानको हो र तिमी मिलनसार छौ। के तिमी स्वर्गदूत नै त होइनौ?" उनले आफ्नो मन खोलेर भनिन्। त्यस महिलाले दुवै किताबहरू किनिन् र त्यसमा मेरो नाउँ लेख्न अनुरोध गरिन्। ***पिस अभोब स्टोर्म*** मा मेरो नाउँसामुन्ने मैले बाइबलमा दिएका प्रतिज्ञाहरूमा एउटा लेखें। ती महिलाले त्यस किताबलाई आफ्नो छातीमा टाँसिन्। जब हामी त्यस घरबाट निस्क्यौं मेरो रोमानियन साथीले अचम्म मानिन् र सोधिन्,

"शनेल तिमीले कसरी यो काम फत्ते गऱ्यौ? त्यस महिलाले तिम्रो किताब किन्न खोजेकी थिइनन् तर दुईवटा किताबहरू किनिन्। मैले उनलाई पैसा दिएर भनें, "यो परमेश्वरको सहायताले हो।"

जब हामी बाहिर निस्केर बाटोमा हिड्दै थियौं ती महिला घरबाट निस्केर चिच्याउदै भनिन्, "तिमी स्वर्गदूत नै हौ भनी म ठान्छु! अत्यन्त गजबको पुस्तकको निम्ति धन्यवाद। यो किताब मेरी छोरीलाई पनि पढ्न दिन्छु।" मलाई अत्यन्त दिक्क लागेर त्यसैबेला किताब बेच्ने काम छोड्न सक्थें। त्यस दिन मेरो लक्ष्य पूरा भएको थियो। एक जना मानिसको जीवनमा मैले येशूलाई चिनाउन पाएँ।

२२ वर्षकी शनेल ओक्टाभ ट्रिनिडाड र टोबागोमा रहेको साउथरन विश्वविद्यालयकी एकाउन्ट पढ्ने विद्यार्थी हुन्। तपाईंले दिनुभएको भेटीको एउटा भागले त्यहाँ चर्च भवन निर्माण गर्न सहयोग मिल्नेछ। प्रभुको काममा सहायता गर्न सहयोग गरेकोमा तपाईंलाई धन्यवाद छ।

**ट्रिनीडाड र टोबागोको बारेमा जानकारीः संसारको सबभन्दा अत्यन्त पिरो खोर्सानीहरूमा तीन थरि ट्रिनीडाडबाट आउँछन्। तिनीहरूको नाउँ हो, ट्रिनीडाड मोरुगा स्कोर्पियन, द डोलाह र ट्रीनिडाड स्कोरपियन "बुच टी"। समुद्रमा पाइने संसारको सबभन्दा ठूलो मुगा वा रङ्गिलो पत्थर स्पिसाइद टोबागोमा पाइन्छ। यो १० फिट चौढाइ र १६ फिट लम्बाइ छ अर्थात ट्रकको साइज जत्रो छ। सन् २००६मा ट्रिनीडाड र टोबागो संसारको सबभन्दा सानो देश जसले विश्व कपमा भाग लिएका थिए। सन् १९३३मा ट्रिनीडाडकव चिकित्सक जोसेफ लेनोक्स पवनले कालो चमेरोबाट मानिसमा रेबिज रोग फैलिन्छ भनेर पत्ता लगाएका थिए। त्यसले गर्दा रेबिज बिरुद्धको खोप आविश्कार गर्नु परेको थियो। ट्रिनीडाड र टोबागो एकमात्र देश हो जसको राजधानी अर्कै देशको नाउँले नाउँ दिएको छ। त्यसलाई पोर्ट अभ स्पेन भनिन्छ। क्यालिप्सो सङ्गीत, स्टिल ड्रम बान्ड र लिम्बो नाच ट्रीनीडाड र टोबागोबाट नै सुरू भएको हो।**